आज मिति २०८२।०८।०१ गते सोमबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | लक्ष्मी बहादुर खत्री | का. वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८२।०८।०१ गते, बैठक संख्या:६ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. ६.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. ६.२ कार्तिक महिना सम्मको आन्तरीक आय सम्बन्धमा,

प्रस्ताव नं. ६.३ गौशाला लक्षित प्राङ्गारिक कृषि कार्यक्रम सम्बन्धमा

प्रस्ताव नं. ६.४ Asphalt Plant को लागि अनुमति सम्बन्धमा,

प्रस्ताव नं. ६.५ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ६.६ गौ संरक्षण महोत्सव सम्बन्धमा,

प्रस्ताव नं. ६.७ योजना कार्यान्वयनको लागि कुनै विवाद नरहेको सिफारिस गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ६.८ विविध ।

***मिति: २०८२।०८।०१ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक संख्या ६ का निर्णयहरु***

**प्रस्ताव नं. ६.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. ६.१** भू-उपयोग कार्यान्यवन, सिफारिस तथा कित्ताकाटको विषयमा निर्णय गरी आवश्यक कार्यान्वयनको लागि नापी तथा मालपोत कार्यालय पठाईएको, आकस्मिक सेवा एम्बुलेन्स खरिदको लागि कर छुटको निर्णय गरिएको साथै कार्यपालिकाका अन्य निर्णयहरु कार्यान्यवनमा रहेको अभिलेख राख्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६.२ कार्तिक महिना सम्मको आन्तरीक आय सम्बन्धमा,**

**निर्णय नं. ६.२** बाणगङ्गा नगरपालिकाको कार्तिक महिनाको अन्त्यसम्म प्राप्त आन्तरीक राजस्वको आम्दानी निम्नानुसार रहेकोले सोही बमोजिम सार्वजनिक गर्ने निर्णय गरियो।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | असौज सम्मको | कार्तिक महिनाको | हालसम्मको | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सम्पती कर | ८०००००० | १९७०६९१ | ५६०१७८ | २५३०८६९ | ३१.६४ |
| २ | भुमिकर/मालपोत | १२०००००० | ३४१९१२१ | ११६३२३८ | ४५८२३५९ | ३८.१९ |
| ३ | वहाल कर | १०००००००० | १५३८३६६ | ५१५८०२ | २०५४१६८ | २०.५४ |
| ४ | वहाल विटौरी कर | २५०००००० | १२२३८६४ | १३४९२७ | १३५८७९१ | ५४.३५ |
| ५ | सवारी साधन कर (साना सवारी) | ३००००० | ३००० | ० | ३००० | १. |
| ६ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३०००००० | १०००० | ० | १०००० | ०.३३ |
| ७ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ४००० | ० | ० | ० | ०. |
| ८ | विद्युत सेवा शुल्क | २०००००० | १८२०० | ४२०० | २२४०० | १.१२ |
| ९ | अन्य सेवा शुल्क तथा बिक्री | ८०००००० | ८१५० | ८२०० | १६३५० | ०.२ |
| १० | शिक्षा क्षेत्रको आम्दानी | २०००० | ३१०० | ३०० | ३४०० | १७. |
| ११ | अन्य प्रशासनिक सेवा शुल्क | १०००००० | २२८३०० | १३८६०० | ३६६९०० | ३६.६९ |
| १२ | नक्सापास दस्तुर | ५९००००० | १०६४०४२ | ७११८८४ | १७७५९२६ | ३०.१ |
| १३ | सिफारिश दस्तुर | १०००००००० | १४८७६४० | ६३५९३५ | २१२३५७५ | २१.२४ |
| १४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | १२३८०० | ८५७०० | २०९५०० | २०.९५ |
| १५ | नाता प्रमाणित दस्तुर | ५००००० | ४३२०० | १७८०० | ६१००० | १२.२ |
| १६ | अन्य दस्तुर | ३०००००० | ६६३४३६ | ३४१०५० | १००४४८६ | ३३.४८ |
| १७ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८००००० | २२०५०० | ६१००० | २८१५०० | ३५.१९ |
| १८ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३०००००० | ४४७४३० | १९१८२३ | ६३९२५३ | २१.३१ |
| १९ | अन्य राजस्व | १०० | | ३००० | ३००० | |
| २० | व्यवसाय कर | ६५०००००० | ११३०९०० | ६९७१५० | १८२८०५० | २८.१२ |
| २१ | बेरूजू | २०००० | ० | ९७५० | ९७५० | ४८.७५ |
| जम्मा | | ७७५४४००० | १३६०३७४० | ५२८०५३७ | १८८८४२७७ | २२.६२ |

**प्रस्ताव नं. ६.३ गौशाला लक्षित प्राङ्गारिक कृषि कार्यक्रम सम्बन्धमा**

**निर्णय नं. ६.३** कृषि ज्ञान केन्द्र कपिलवस्तुको च.नं. १६२, मिति: २०८२।०७।३० को पत्रानुसार रु.५लाख बजेट विनियोजन भएकोले उपयुक्त गौशालाको विवरण उपलब्ध गराई कार्यक्रम सञ्चालनको लागि सहजीकरण गरिदिन अनुरोध भई आए अनुसार उक्त रकम बाणगङ्गा नगरपालिका वडा नं. ८ स्थित भागिरथी गौं संरक्षण विकास केन्द्र मधुवन गौशालामा प्राङ्गारिक कृषि कार्यक्रम सञ्चालन गर्न सिफारिस गरि पठाउने निर्णय गरियो।

CamScanner

**प्रस्ताव नं. ६.४ Asphalt Plant को लागि अनुमति सम्बन्धमा,**

**निर्णय नं. ६.४** बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना रुपन्देहीको च.नं.८५, मिति:२०८२।०८।०१ को पत्रानुसार Contact No: ACCESS-DOR-W-BGC-ICB-1 (LOT-2) को ठेक्का व्यवस्थापन भई निर्माण व्यवसायी SCEGC-ANS J.V. बाट निर्माण कार्य भई रहेको र कालोपत्रे कार्यको लागि Asphalt Plant राख्नुपर्ने भएकोले मोतिपुर-४ ख कित्ता नं. ७४१ को जग्गा प्रयोग गर्न सिफारिस भई आएकोले उक्त प्लान्टबाट उत्पादित माल बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजनाको लागि मात्र प्रयोग गर्न नेपाल सरकारको मापदण्ड बमोजिम वातावरणीय प्रभाव व्यवस्थापन गर्ने गरी योजना अवधीभरका लागि मात्र सञ्चालन गर्ने गरी Asphalt Plant राख्न अनुमति दिने निर्णय गरियो।

**प्रस्ताव नं. ६.५ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,**

**निर्णय नं. ६.५** विधायन समितिबाट विभिन्न मितिमा विस्तृत छलफल भई स्वीकृतिको लागि प्राप्त भएका निम्नानुसारका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

| सि.नं. | कार्यविधिको नाम |
|---|---|
| १ | रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ |

**प्रस्ताव नं. ६.६ गौ संरक्षण महोत्सव सम्बन्धमा,**

**निर्णय नं. ६.६** भागिरथी गौ संरक्षण विकास केन्द्र कपिलवस्तुद्वारा मधुवन गौशालामा धन धान्यान्चल गौ महोत्सव यही २०८२ मसिर ११ देखि १८ सम्म सञ्चालन हुने भएकोले उक्त गौ महोत्सवमा सबैले आ-आफ्नो स्थानबाट आवश्यक सहयोग हुने गरी समन्वय गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६.७ योजना कार्यान्वयनको लागि कुनै विवाद नरहेको सिफारिस गर्ने सम्बन्धमा,**

**निर्णय नं. ६.७** शहरी विकास तथा भवन कार्यालय, रुपन्देहीबाट आ.व.२०८२।०८३ का लागि छनोट भएका तपसिलका योजनाहरु सञ्चालन गर्ने स्थान सार्वजनिक क्षेत्रको रुपमा स्थानीयबासी मार्फत संरक्षण हुँदै आएको र उल्लेखित योजनाहरु कार्यान्वयन गर्न कुनै बादविवाद वा कुनै समस्या नरहेकोले निर्माण प्रकृया अगाडी बढाउन सिफारिस गर्ने निर्णय गरियो।

| सि.नं. | योजनाको नाम |
|---|---|
| १ | बाणगङ्गा नगरपालिका वडा नं. ६ अन्तर्गत मनोहरापुर थारु गाउँमा अधुरो सामुदायिक भवन निर्माण |
| २ | बाणगङ्गा नगरपालिका वडा नं. ६ अन्तर्गत वैदौली थारु गाउँमा अधुरो सामुदायिक भवन निर्माण |

**प्रस्ताव नं. ६.८ विविध।**

**निर्णय नं. ६.८.१** वडाहरुबाट कार्यान्वयन हुने योजनाहरु यथासक्य छिटो लागत अनुमान तयार गरी कार्यान्वयन गर्ने र पुष २ गते सम्म सम्झौता गरीसक्ने पुष २ सम्म सम्झौता हुन नसकेका योजनाहरुलाई नगरसभामा स्थानान्तरण गर्ने र First Come First Pay को रुपमा भुक्तानी उपलब्ध गराउँने निर्णय गरियो।

**निर्णय नं. ६.८.२** पिपरा अस्पतालको नियमित मर्मत सुधार तथा डि पि आर तयारी समेत शिर्षकमा संघीय सशर्त पूँजीगत अनुदान तर्फ रु.३८ लाख बिनियोजन भएकोले उक्त बजेट रकमबाट रु.५लाख डि.पि.आर. र रु. [illegible] वातावरण प्रभाव मूल्याङ्कन EIAको लागि खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.८.३** बाणगङ्गा नगरपालिका वडा नं. ९ भलवाड बस्ने उन बहादुर लोहरको छोरा वर्ष [illegible] सुरज लोहार सडक दुर्घटनामा परि मृत्यु भएको र निजको पारिवारिक आर्थिक अवस्था कमजोर रहेकोले काज किरिया खर्च वापत निजको परिवारलाई रु. २० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६.८.४** संस्कृति प्रवर्द्धन/धार्मिक संरचनातर्फ सि.नं. २६६ कैलाश आश्रम पर्यटकीय पूर्वाधार तर्फ आन्तरीक स्रोतमा रु.१०,००,०००।– (दश लाख) बजेट विनियोजन भएकोमा हालसम्मको आन्तरीक आएमा देखिएको न्यून प्रगतिको आधारमा लक्ष्य अनुसारको राजस्व प्राप्त हुन सक्ने अवस्था नंदेखिएको र उक्त योजनाको लागि स्रोत सुनिश्चितता गर्न नसकिएकोले २०% रकम कम गरी रु.८,००,०००।– आठ लाख बजेटमा नियमानुसार योजना कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६.८.५** बाणगङ्गा नगरपालिकाको आ.व.२०८२।०८३ को नगरसभाबाट स्वीकृत वार्षिक नगर विकास योजना अन्तर्गत प्रदेश समपुरक तर्फ पेज णं. १५० को सि.नं. ३५४ क्र.सं. सिमलपानी मार्ग स्तरोन्नती वडा नं. १ र २ शिक्षकमा रु.६०,००,०००।– ( अक्षेरुपी साठी लाख) बजेट विनियोजन भएको र सिमलपानी मार्गको विषयमा द्विविदा भएकोले अगाडी बढ्न नसकेकोले उक्त सडक बैरिया बुद्धचोक देखि उत्तर च्यान्टे चौपारी हुँदै सिमलपानी जोड्ने मार्गको लागि आवश्यक प्रकृया अगाडी बढाईदिनु भनि २ नं. वडा कार्यालयको च.नं. ७७६ मितिः२०८२।०७।२३ को पत्रानुसार योजना अगाडी बढाईदिने भनि सिफारिस प्राप्त भएकोले सोही अनुसार बैरिया बुद्धचोक देखी उत्तर च्यान्टे चौपारी हुँदै सिमलपानी जोड्ने सडक मार्ग योजना कार्यान्वयनको लागि अगाडी बढाउने निर्णय गरियो ।